का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ फागुन २०७९,
बुधबार
8 March 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ४२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

नारी दिवस

# नीतिमा छ निर्णयमा छैन

संविधान, नियम र कानूनले महिला प्रतिनिधित्व सुनिश्चित गरेको छ । तर, त्यस अनुसार मुलुकको कार्यकारी पदमा भने एक जना पनि महिला छैनन् ।



अब राजनीतिक पार्टीको शीर्ष तहमा पनि महिलाहरुलाई पुऱ्याउनुपर्नेतर्फ ध्यान दिनुपर्ने हुन्छ । तब मात्रै मुलुकको कार्यकारी पदमा महिला देखिनेछन् ।

**उर्मिला अर्याल**
**उपाध्यक्ष, राष्ट्रिय सभा**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

आज (बुधबार) ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस । नेपालको सन्दर्भमा महिला दिवसलाई अधिकार प्राप्तिको दृष्टिमा विश्वका अन्य देशहरुको तुलनामा अब्बल मानेर प्रशंसा गरिन्छ । तर, व्यवहारमा भने महिलाई विश्वास गर्ने वातावरण – बाँकी पृष्ठ २ मा



# संक्रमणमै संक्रमणकालीन न्याय

विस्तृत शान्ति सम्झौता भएको १६ वर्षसम्म पनि संक्रमणकालीन न्यायको विषय टुंगो लागेको छैन । यही बेला तत्कालीन युद्धको नेतृत्वकर्ताविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ ।



**डा. बाबुराम भट्टराई**
**अध्यक्ष, नेसपा**

प्रचण्डविरुद्ध नियमित अदालतमै मुद्दा दर्ता हुनु र अगाडि बढाउन खोज्नु मुलुकलाई फेरि द्वन्द्वमा फसाउनु हो ।



**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**

द्वन्द्वको बेलामा भएको सबै घटनाहरूलाई संक्रमणकालीन न्यायकै प्रबन्धबाट सम्बोधन गर्नुपर्छ । यसलाई रेगुलर कोर्टबाट फौजदारीको रुपमा हेर्ने होइन ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरुद्ध १० वर्ष लामो द्वन्द्वकालीन मुद्दालाई लिएर सर्वोच्च अदालतमा मुद्दा दर्ता भएको छ । मंगलवार दर्ता भएको रिटमा बिहीबारका लागि पेसीसमेत तोकिएको छ । सर्वोच्चमा दर्ता भएको रिटमा प्रचण्डसहित नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल प्रहरी प्रधान कार्यालयलाई पनि विपक्षी बनाइएको छ । रिट निवेदक ज्ञानेन्द्रराज आरण र जितेन्द्र मोक्तानसमेत १४ जनाले मुद्दा दर्ता गरेका हुन् ।

द्वन्दकालीन विषयमा तीन वर्ष अघि काठमाडौंको खुलामञ्चमा आयोजित सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिको आधारमा प्रचण्डविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता भएपछि संक्रमणकालीन न्यायको विषयमा पुनः एकपटक वहस छेडिएको छ । शान्ति प्रक्रियालाई निष्कर्षमा पु-याउने विषय अदालतको नियमित प्रक्रियाको विषय नभएको एक पक्षको दाबी छ भने मानवअधिकारवादी लगायतले भने द्वन्दबाट पीडितहरु न्याय माग्न सर्वोच्च अदालत पुग्नु राज्यले प्रदान गरेको न्यायप्राप्तिको हक भएको तर्क गरेका छन् ।

मुलुकमा बृहत् शान्ति सम्झौता भएको १६ वर्ष भइसकेको छ । शान्ति सम्झौताको विषय माओवादीको विषय मात्रै नभई राज्यको विषय भएकाले यसमा सबैले गम्भीर बन्नुपर्ने तत्कालीन माओवादी नेता तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईको धारणा छ । तर शान्ति प्रक्रियाका हस्ताक्षर – बाँकी पृष्ठ २ मा

### एमाले मौन

नेकपा एमालेले भने प्रचण्डविरुद्ध सर्वोच्च अदालतमा रिट परेको विषयमा आधिकारिक धारणा सार्वजनिक गरेको छैन ।

तथापि, एमालेका केन्द्रीय सदस्य गोकुल बाँस्कोटा संक्रमणकालीन न्याय निरुपणको विषय द्वन्दरतपक्षको मिलिभगत वा सत्ता र शक्तिको तजबिजमा टुंगिने कुरा नभएको बताउँछन् । सामाजिक सञ्जालमार्फत उनले यो पीडितपक्षले मानवअधिकारको निर्वाध – बाँकी पृष्ठ २ मा

# अवकाशपछि राष्ट्रपतिलाई सुविधा !

## 'क्याबिनेटकै निर्णय नियम विपरीत'

मन्त्रीपरिषद्कै निर्णयबाट राष्ट्रपति र उपराष्ट्रपतिलाई भत्ता, आवास मर्मत खर्च, सहयोगी, गाडी र इन्धन लगायतका सुविधा दिने सरकारले तयारी थालेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

पूर्वविशिष्टहरूलाई कानून बनाएर सेवासुविधा दिन सर्वोच्च अदालतले ११ वर्ष अघि नै आदेश दिएपनि सरकारले भने त्यसमा थप वेवास्ता गर्न थालेको छ । पूर्वराष्ट्रपति, पूर्वराजा, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख लगायतलाई कानून बमोजिम सुविधा दिनुपर्ने आदेश भएपनि सरकारले भने हालका राष्ट्रपति विद्यादेवी भण्डारी र उपराष्ट्रपति नन्दबहादुर पुनलाई नियम विपरीत सुविधा दिने तयारी गरेको छ । उनीहरुलाई मन्त्रीपरिषद्कै निर्णयबाट भत्ता, आवास मर्मत खर्च, सहयोगी, गाडी र इन्धन लगायतका सुविधा दिने सरकारले तयारी थालेको हो ।

राष्ट्रपति भण्डारीलाई अवकाशपछि घर मर्मतका लागि मासिक एक लाख, मासिक भत्ता ५० हजार, गाडी र मासिक दुई सय सात लिटर इन्धन उपलब्ध गराउने सरकारको तयारी छ । त्यस्तै, स्वकीय सचिव, कार्यालय सहयोगी र चालक सुविधा र घरको बिजुली, पानी, पत्रपत्रिका, इन्टरनेट, टेलिफोनको खर्च सरकारले व्यहोर्नेछ र यसबाहेक २१ जना सुरक्षाकर्मी खटाउने सरकारको तयारी छ ।

उपराष्ट्रपति पुनलाई अवकाशपछि घर मर्मतका लागि मासिक ८० हजार, मासिक भत्ता ४० हजार, गाडी, मासिक दुई सय सात लिटर इन्धनसहित चालक र एक सहयोगी दिने सरकारको तयारी छ । सुरक्षाका लागि एक जना पिएसओ पनि उनलाई खटाउने सरकारको तयारी छ ।

'सरकारबाटै कानूनको गम्भीर उल्लंघन हुनु दुर्भाग्य हो, सर्वोच्चले आफैं नोटिसमा लिएर यस्ता गैरकानुनी सुविधा दिएको विषयमा बोल्नुपर्छ,' अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख सूर्यनाथ उपाध्याय – बाँकी पृष्ठ २ मा



सरकारबाटै कानूनको गम्भीर उल्लंघन हुनु दुर्भाग्य हो । सर्वोच्चले आफैं नोटिसमा लिएर यस्ता गैरकानुनी सुविधा दिएको विषयमा बोल्नुपर्छ ।

**सूर्यनाथ उपाध्याय**
**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख**

वैदेशिक रोजगार विशेष

## सर्वोच्चमा विचाराधीन मुद्दा प्रकरण

# भ्रमपूर्ण प्रचार नगरिदिन संघको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले न्यायिक प्रक्रियामा रहेको विषयलाई भ्रमपूर्ण तरिकाले प्रचार गरिएको भन्दै त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीसहितले वैदेशिक रोजगार न्यायाधिकरणले गरेको छ महिनाभन्दा पुरानो फैसलामा सर्वोच्च अदालतमा पुनरावेदन गरी मुद्दा विचाराधीन रहेको सम्बन्धमा मंगलबार समाचार सार्वजनिक भएका थिए । त्यसलगत्तै संघले प्रेस विज्ञप्ति जारी गर्दै न्यायाधिकरणको फैसलाका विषयमा सर्वोच्च अदालतमा पुनरावेदन गरी मुद्दा विचाराधीन रहेको अवस्थामा त्यसलाई प्रभावित तुल्याउने र अनुचित सन्देश प्रवाह हुने गरी प्रचारप्रसार गरिनु दुःखद विषय भएको जनाएको छ ।

त्यसैगरी प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालका अध्यक्ष जनक रावलले पनि सर्वोच्चमा विचाराधीन मुद्दाको विषयलाई लिएर संघका अध्यक्ष भण्डारीमाथि लिखित आक्रमण गर्नु सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीमाथिको प्रहार भएको – बाँकी पृष्ठ २ मा

### कोरियाबाट सिकेर स्वदेशमै फ्रोजन मःमः

**नवलपुर/रासस–** वैदेशिक रोजगारका लागि दैनिक हजारौंको संख्यामा नेपालीहरु विदेश जान्छन् । वैदेशिक रोजगारमा गएकामध्ये निकै कमले मात्रै त्यहाँ आफूले सिकेको सीप नेपाल फर्किएर प्रयोग गर्छन् ।

वैदेशिक रोजगारका क्रममा १५ वर्ष दक्षिण कोरिया बसी फर्किएका इभान गिरीले अहिले फ्रोजन मःमः को व्यवसाय शुरु गरेका छन् । उनले बनाएको मःमः रेष्टुराँ, होटल, क्यान्टिन लगायतमा – बाँकी पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीको बारेमा प्रकाशित अनलाइन समाचारका सम्बन्धमा यस संघको गम्भीर ध्यानाकर्षण भएकोले प्रेस विज्ञप्ति प्रकाशित गरिएको छ।**

१. समाचारमा प्रकाशित गरिएको विषय आजभन्दा करिब एक वर्ष पहिले नै भएको फैसलालाई आधार बनाई लेखेर प्रकाशित गरिएको रहेछ। यसबाट पनि समाचार तथ्य प्रकाशन गर्ने भन्दा पनि व्यक्तिको इज्जत प्रतिष्ठामा आँच पुऱ्याउने नियतले प्रकाशन गरिएको हो भन्ने यस संघको ठहर रहेको छ।

२. कुनै अमुख छापाखानामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट छापामारी वैदेशिक रोजगार व्यवसायीहरूलाई हतोत्साहित गराउने नियतले ५०औं फम तथा वैदेशिक रोजगार विभागबाट दिएको अनुमतिका सम्बन्धमा सोही विभागमा तत्कालीन महानिर्देशकको समेत अग्रसरतामा अभियोग दर्ता गरिएको विषय आफैंमा गैरकानूनी रहेकाले सो लाई चुनौती दिई पुनरावेदन पत्र दायर गरेको र सो को निराकरण अदालतसमक्ष विचाराधीन रहेकाले सो विषयलाई लिएर सार्वजनिकरूपमा प्रकाशन प्रसारण गर्न न्यायिक परिपाटी विपरीत रहेनेतर्फ यस संघ सदा सचेत रहेको समेत यस विज्ञप्तिमार्फत सबैमा जानकारी गराउँदछौं।

३. नेपालको संविधान, ऐन कानून सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्तसमेतका आधारमा कुनै एक तहबाट भएको फैसला अन्तिम हुने होइन, त्यस फैसला उपर माथिल्लो तहमा पुनरावेदन गर्न सक्ने कानूनी अधिकार सम्बन्धित निकायमा रहन्छ, सो बमोजिमको अधिकारको प्रयोग गर्न यस संघका अध्यक्षसमेत कानून बमोजिम रहेकाले अन्तिम फैसला नहुँदासम्म कसैले पनि दोषी ठहर गरी प्रकाशन गर्ने/गरिने समाचारले न्यायिक मार्गलाई प्रभावित पार्ने भएकाले सम्बन्धित सबैको ध्यानाकर्षण गर्न चाहन्छौं।

४. सम्मानित अदालतबाट हुने फैसलाहरूको यस संघ सदासर्वदा अंगिकार गर्न तत्पर नै रहेको छ । तर समाचार प्रकाशित गर्ने र व्यक्तिको स्वच्छ सुनुवाइको मार्ग प्रभावित पार्ने नियतले प्रकाशित गरिने समाचारप्रति यस संघ खेद प्रकट गर्दछ।

५. वैदेशिक रोजगार न्यायाधिकरणले गरेको फैसला बदर गरी पाउँ भनी राजेन्द्र भण्डारीले दर्ता गरेको पुनरावेदन सर्वोच्च अदालतमा विचाराधीन रहेको र अदालतमा विचाराधीन मुद्दाको विषयमा गलत र भ्रामक समाचार प्रकाशन प्रसारण गर्नु नेपालको कानून विपरीत रहेको छ ।

६. समाचार संस्थाहरू सूचना जानकारीका प्रमुख स्रोत हुने भएकाले कुनै समाचार प्रकाशन गर्नु पूर्व त्यसको सत्य तथ्य बुझेर सम्बन्धित निकाय वा व्यक्तिसँग बुझी, समाचार Verify गरेमा वास्तविक तथ्य र वस्तुनिष्ठ समाचार पाठकमाझ पुग्ने तर समाचार Verify नगरी सम्बन्धित निकाय वा व्यक्तिसँग नबुझी समाचार प्रकाशन प्रसारण गरेको अपूर्ण र भ्रामक समाचार फैलने र यसवाट समबन्धित समाचार संस्थाको साख विश्वसनीयता पनि कम हुने भएकाले यसतर्फ सम्बन्धित समाचार संस्थाहरूको ध्यानाकर्षण गराइन्छ ।

**डिक बहादुर खत्री (कुमार)**
**प्रथम उपाध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
www.madhyanhadaily.com
२४ फागुन २०७९, बुधबार
8 March 2023, Wednesday

# लामिछानेको राहदानीको मुद्दामा कारबाही गर्ने बाटो खुल्यो

मध्यान्ह संवाददाता
काठमाडौं, २३ फागुन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको नागरिकतासम्बन्धी मुद्दाको फैसलाको पूर्णपाठ सार्वजनिक भएको छ । सर्वोच्च अदालतका कायम मुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले गत माघ १३ गते नेपाली नागरिकता पुनः प्राप्तीको प्रक्रिया नभएको भन्दै लामिछानेको सांसद पद खारेज गरिदिएको थियो । अदालतको फैसलापछि लामिछानेले माघ १५ गते काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट नागरिकता पुनः प्राप्त गरेका थिए ।

सर्वोच्चको पूर्णपाठमा लामिछानेले अमेरिकी नागरिकका हैसियतमा नेपाल आएर झुट्टा विवरण दिई राहदानी लिएको विषय राहदानी कानूनअनुसार निरुपण हुने उल्लेख गरेको छ । 'रवि लामिछानेले सन् २०१४ मा संयुक्त राज्य अमेरिकाको नागरिकता ग्रहण गरेपछि सो नागरिकता कायम हुँदैको अवस्थामा स्वतः कायम नरहेको साबिकको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा सन् २०१५ मा नेपाली राहदानी लिएको सन्दर्भ पनि रिट निवेदन, लिखित जवाफ तथा विद्वान अधिवक्ताहरूले गर्नु भएको बहस जिकिरका क्रममा प्रस्तुत हुन आएको देखियो,' फैसलामा भनिएको छ, 'यो विषय तत्काल प्रचलित राहदानी ऐन, २०२४ र हाल प्रचलित राहदानी ऐन, २०७६ मा व्यवस्थित झुट्टा विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिएको सम्बन्धी प्रावधानका सन्दर्भमा प्रचलित कानूनबमोजिम निरुपण गरिनु पर्ने विषय देखिएको र गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं समेतका प्रत्यर्थीहरुको लिखित जवाफबाट राहदानीको विषयमा छानबिन भैरहेको भन्ने तथ्य समेत खुल्न आएको पाइयो । सोही छानबिनका सन्दर्भमा राहदानीसम्बन्धी विषयको निरुपण हुन सक्ने नै हुन्छ ।'

प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार भएको विषयमा मात्रै मुद्दा परेकाले पासपोर्टको विषयमा थप व्याख्या गर्न सर्वोच्चले अस्वीकार गरेको छ । 'प्रस्तुत विवाद प्रत्यर्थी रवि लामिछानेले प्रतिनिधि सभाको सदस्य पदमा उम्मेदवार भई निर्वाचित भएको सन्दर्भमा निजको नागरिकतासम्बन्धी योग्यतासँग सम्बन्धित रहेको देखिएको तथा राहदानीसम्बन्धी विषय निर्वाचन क्रमका उम्मेदवारको योग्यतासँग जोडिएको विषय नदेखिएको हुँदा निजले सन् २०१५ मा नेपाली राहदानी लिएको विषयमा अहिले थप उल्लेख गरिरहन परेन,' सर्वोच्चले भनेको छ ।

लामिछानेको पासपोर्टको विषयमा प्रहरीले छानबिन गरिरहेको छ । प्रहरीले थप अनुसन्धान अगाडि बढाउन सर्वोच्चको फैसलाको पूर्णपाठ कुरिरहेको थियो । लामिछानेविरुद्धको मुद्दामा सर्वोच्चको पूर्णपाठ आएपछि प्रहरीलाई थप अनुसन्धान गर्ने बाटो खुला भएको छ ।

## सबै वडाबाट निःशुल्क कानुनी सेवा




**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले ३२ वटै वडा कार्यालयबाट निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराउने भएको छ । उक्त सेवा दिन हाल सबै वडा कार्यालयको अवलोकन गरी स्थान तय गर्ने काम भइरहेको महानगरले जनाएको छ । महानगरका सूचना अधिकारी वसन्त आचार्यका अनुसार महानगरपालिकाले नेपाल ल क्याम्पससँगको सहकार्यमा आगामी चैत १ गतेदेखि निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गर्न लागेको हो ।

परामर्श सेवा दिन ल क्याम्पसमा अध्ययनरत ५० विद्यार्थीलाई तालिम प्रदान गरिएको छ । सेवा उपलब्ध गराउन उनीहरु वडा कार्यालयमा स्थापना गरिने हेल्प डेस्कमा कार्यालय अवधिभरि रहनेछन् । त्यहाँबाट नागरिकले आवश्यकताअनुसार लिखित, मौखिक तथा दुवै किसिमको सेवा निःशुल्क प्राप्त गर्न सक्ने आचार्यले जानकारी दिए ।

क्याम्पसले एलएलएम, एलएलबी तथा बीए एलएलबीमा अध्ययनरत विद्यार्थीलाई पठाउने तयारी गरेको छ । त्यसैगरी मौखिक कानुनी परामर्शसँगै उक्त कार्यालयबाट सेवा प्रवाहबारे जानकारी दिनुपर्नेछ । विशेषतः सहजरुपमा कार्यालय पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलगायत अत्यावश्यक सेवा प्रवाहमा ध्यान दिनुपर्नेछ । निःशुल्क सेवा उपलब्ध गराएबापत महानगरपालिकाले क्याम्पसबाट तोकिएका व्यक्तिका लागि मासिक रु १५ हजार उपलब्ध गराउनुपर्ने छ । त्यस्तै सेवा दिनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री पनि महानगरपालिकाले नै उपलब्ध गराउनुपर्नेछ । उक्त सेवा प्रवाह थालिएसँगै कानुनी सेवा प्राप्त गर्न नागरिकलाई सहज हुने महानगरको विश्वास छ । उक्त सेवा दिने सम्बन्धमा गत माग १७ गते महानगर र क्याम्पसबीच सम्झौता भएको थियो ।

## राष्ट्रपति निर्वाचनका लागि मतदान केन्द्र निर्माण

**काठमाडौं/मस–** राष्ट्रपतिको निर्वाचनका लागि मतदान केन्द्र निर्माण गरिएको छ । बानेश्वरस्थित संसद भवनको ल्होत्से हलमा उक्त निर्वाचनका लागि दुई वटा निर्वाचन केन्द्र निर्माण गरिएको निर्वाचन सहायक अधिकृत अमृता शर्माले जानकारी दिइन् । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र व्यवस्थित तुल्याउन संघीय सांसद र प्रदेश सभा सदस्यका लागि मतदान गर्न बेग्ला-बेग्लै मतदान केन्द्रको व्यवस्था गरिएको हो । राष्ट्रपति निर्वाचनमा संघीय संसदका तीन सय ३२ र प्रदेश सभा सदस्य पाँच सय ५० मतदाता छन् ।

निर्वाचनमा संघीय सांसदको एकमत बराबर ७९ र प्रदेश सभा सदस्यको एक मत बराबर ४८ मतभार कायम गरिएको छ । निर्वाचनका लागि संघीय सांसदको मतदान केन्द्रमा उच्च अदालत पाटनका उपरजिष्ट्रार केशव पौडेल र प्रदेश सभा सदस्यको मतदान केन्द्रमा सर्वोच्च अदालतका उपरजिष्ट्रार लोकनाथ पराजुली खटिएका छन् ।

राष्ट्रपति पदको निर्वाचनमा नौ दलीय गठबन्धनकातर्फबाट साझा उम्मेदवारमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा (एमाले)का तर्फबाट उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ उम्मेदवार छन् ।

## मृत शिशु भेटिएको घटनाबारे अधिकारकर्मीको ज्ञापनपत्र

मध्यान्ह संवाददाता
बझाङ, २३ फागुन



बझाङमा बेवारिसे अवस्थामा मृत फेला परेका नवजात शिशुको घटनाका दोषीलाई कानुनी कारबाहीको माग गर्दै अधिकारकर्मीहरुले प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् । जिल्लाको जयपृथ्वी नगरपालिका १० चैनपुरको बाहुलीगाडको किनारामा निर्माणाधीन बसपार्क नजिकै फागुन १९ गते सालनालसहित बालुवामा गुटमुटिएको शिशु बेवारिसे अवस्थामा मृत फेला परेको घटनाका दोषीलाई पत्ता लगाइ कानुनी कारबाहीको माग गर्दै अधिकारकर्मीहरुले प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेलाई मंगलबार ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

शिशुको शव फेला परेको ५ दिन बितिसक्दा पनि कसले फालेको हो भन्ने पत्ता नलागेको भन्दै जिल्लाका १० वटा महिला तथा मानव अधिकारसँग सम्बन्धित संघ संस्थाहरूले यथाशीघ्र छानबिन गर्न माग गरेका छन् । घटनाबाट स्तब्ध भएको बताउँदै उनीहरुले दोषीलाई कडा कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

मानवअधिकार रक्षक संजाल जिल्ला अध्यक्ष ममता शाह, महिला अधिकार मञ्च जिल्ला अध्यक्ष जयन्ती जोशी, अन्तरपाटी महिला सञ्जाल जिल्ला अध्यक्ष सुनिता थापा, अल्पकालीन महिला सुरक्षित आवास गृह जिल्ला इन्चार्ज गीता शाही, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सिएमसी) नेपाल संयोजक शान्तबहादुर खड्का, फियान नेपाल संयोजक सीता सिंह पिसविन नेपाल जेसी च्याम्पियन सविता खड्का, महिला विकास समिति जिल्ला अध्यक्ष रमा जोशी, महिला मुक्ति अभियान जिल्ला सदस्य राधा विष्ट र जिल्ला मानवअधिकार रक्षक संजालका जगदीश रोकायाको संयुक्त हस्ताक्षर रहेको ध्यानाकर्षण पत्रमा बझाङको जयृथ्वी नगरपालिका वडा नम्बर चैनपुरस्थित १० बाहुलिगाड किनारमा बेवारिसे नवजात शिशुको शव फेला परेको ५ दिन बितिसक्दा पनि दोषी पत्ता लगाउन नसक्दा अधिकारकर्मीहरुलाई स्तब्ध बनाएको उल्लेख छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी पाण्डेले घटनाका सबै जानकारी गराएका थिए । साथै उनले नवजात शिशुको डिएनए परीक्षणपछि शिशुको स्वभाविक मृत्यु भएको हो अथवा हत्या गरेर फालेको थाहा हुने बताए । घटनाका विषयमा मसिनो रुपमा खोजतलास तथा अनुसन्धान भइरहेको प्रमुख जिल्ला अधिकारी पाण्डेलाई उद्धृत गर्दै पत्रकार जगदीश रोकायाले बताए ।

### नारी...

अझै बन्न नसकेको महिला अगुवाहरुकै गुनासो छ ।

नेपालको संविधानले सबै सार्वजनिक क्षेत्रमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको छ । कतिपयको यसैमा गुनासो छ, 'नेपालको जनसंख्या पुरुषभन्दा महिलाको धेरै छ । धेरै भइकन पनि किन हामी ३३ मा मात्रै सीमित हुने ? हामी ५० प्रतिशतमै जानुपर्छ' राष्ट्रिय सभाकी उपाध्यक्ष उर्मिला अर्यालको भनाइ छ ।

प्रदेश र प्रतिनिधिसभामा पनि महिलाको प्रतिनिधित्व ३३ प्रतिशत छ । यसमा पनि प्रत्यक्ष भन्दा समानुपातिक निर्वाचन प्रणालीमा महिलाहरु बढ्ता पर्ने गरेका छन् । स्थानीय तह, प्रदेश सभा र संघीय संसद सबै ठाउँमा ३३ प्रतिशत संविधानत सुनिश्चित छ । स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक महिला अनिवार्य छ ।

तर, अभ्यासमा स्थानीय तहको उपप्रमुखमा महिलाहरु ज्यादा छन् । प्रदेश र संघमा भने कार्यकारी पदमा महिला नै छैनन् । सातवटै प्रदेश प्रमुखमा पुरुष छन् । सातै प्रदेशको मुख्यमन्त्रीमा पुरुष छन् । सातै प्रदेशको सभामुखमा पनि पुरुष छन् । संघीय प्रधानमन्त्रीमा पुरुष छन् । कार्यकाल सकिँदै गर्दाको अवस्थामा रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीलाई छाड्ने हो भने कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नेतृत्वमा पुरुष मात्रै छन्, हुँदैछन् । किनभने राष्ट्रपतिको उम्मेदवार पुरुष (रामचन्द्र पौडेल र सुवास नेम्वाङ) मात्रै छन् ।

अर्थात, संविधान, नियम र कानूनले महिला प्रतिनिधित्व सुनिश्चित गरेको छ । तर, त्यस अनुसार मुलुकको कार्यकारी पदमा भने एक जना पनि महिला छैनन् । यसको समाधानका लागि थप संघर्ष गर्नुपर्ने बताउँछिन् राष्ट्रिय सभाकी उपाध्यक्ष अर्याल । राज्यका निकायहरुको प्रमुख पदहरुमा महिलाको प्रतिनिधित्व पनि कम भएको भन्दै उनी प्रमुख पदहरुमा महिला प्रतिनिधित्व गराउनतर्फ ध्यान दिनुपर्नेमा जोड दिन्छिन् । अब राजनीतिक पार्टीको शीर्ष तहमा पनि महिलाहरुलाई पुऱ्याउनुपर्ने उनलाई लाग्छ । त्यसपछि मात्रै महिलाहरुले कार्यकारी पद प्राप्त गर्न सक्ने उनको भनाइ छ । हालसम्म राजनीतिक दलको निर्णायक तहमा महिलाहरुको भूमिका हुन नसकेको भन्दै उनी थप्छिन्, 'अब राजनीतिक पार्टीको शीर्ष तहमा पनि महिलाहरुलाई पुऱ्याउनुपर्नेतर्फ ध्यान दिनुपर्ने हुन्छ । तब मात्रै मुलुकको कार्यकारी पदमा महिला देखिनेछन् ।' उनी अगाडि भन्छिन्, 'राजनीतिक पार्टीहरुमा शीर्ष स्थानहरुमा महिलाहरुको नेतृत्व हुने कुराहरुको अझैपनि अभाव छ । जसले राजनीतिको मूल नीतिलाई डोहोऱ्याइराखेको हुन्छ, त्यो भनेको राजनीतिक दलहरु हो । ति दलहरुमा अझैपनि महिलाहरुको निर्णायक ठाउँको अधिकार अथवा निर्णय गर्ने ठाउँमा सर्वोच्च पदाधिकारीहरुमा कति छ भन्ने कुरो अझै हामीले विचार गरेर जानुपर्ने देखिन्छ ।'

### संक्रमणमै...

कर्ता र मुलुकका बहालवाला प्रधानमन्त्रीलाई एउटा सामान्य निहुँ बनाएर गिरफ्तार गरेर मुद्दा चलाउन सक्ने ढंगको अदालती प्रक्रिया अघि बढ्नु दुखद भएको उनी बताउँछन् । पार्टी कार्यालयमा मंगलवार आयोजित एक कार्यक्रममा बोल्दै डा. भट्टराईले अदालतको सम्मान गर्दागर्दै शान्ति सम्झौता विपरीतका गतिविधि हुनु दुःखद् भएको जिकिर गरे । उनले भने, 'सर्वोच्चको पछिल्लो आदेशले पनि द्वन्द्वकालमा भएको मुद्दाको संक्रमणकालीन न्यायको पद्धतिबाटै भन्ने कुरा आदेशले त्यो ठाउँ राखेको छ ।'

नेपाली कांग्रेसले प्रधानमन्त्री 'प्रचण्ड' विरुद्ध परेको मुद्दा सर्वोच्च अदालतले हेर्न नमिल्ने प्रतिक्रिया दिएको छ । कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले उक्त मुद्दा द्वन्द्वकालीन मुद्दा रहेको उल्लेख गर्दै यसलाई संक्रमणकालीन न्यायकै प्रबन्धबाट समाधान हुनुपर्ने आवश्यकता औंल्याएका छन् । यो विषय राज्यको साझा मुद्दा रहेको बताउदै उनले भने, 'द्वन्द्वको बेलामा भएको सबै घटनाहरू संक्रमणकालीन न्यायकै प्रबन्धबाट त्यसलाई सम्बोधन गर्नुपर्छ । त्यसमा हामीहरूको तर्फबाट पनि कमीकमजोरी भएको छ । तर, यसलाई संक्रमणकालीन न्यायको प्रबन्धबाटै गर्ने हो । यसलाई रेगुलर कोटबाट फौजदारीको रूपमा हेर्ने होइन ।'

सर्वोच्च अदालतले पनि द्वन्द्वको मुद्दा संक्रमणकालीन न्याय पद्धतिबाटै हो भनेर यसअघि नै बोलिसकेको लेखकले बताए । उनले थपे, 'सर्वोच्चको पछिल्लो आदेशले पनि द्वन्द्वकालमा भएको मुद्दाको संक्रमणकालीन न्यायको पद्धतिबाटै भन्ने कुरा आदेशले त्यो ठाउँ राखेको छ ।'

यता राष्ट्रिय मानव अधिकार आयोगले भने द्वन्द्वपीडितहरू न्यायको माग सहित सर्वोच्च अदालतमा निवेदन दर्ता गर्न गएको विषयमाथि केही राजनीतिक दलहरूले प्रश्न उठाउनु दुर्भाग्य भएको टिप्पणी गरेका छन् ।

यसले द्वन्द्वपीडितको न्याय खोज्ने हकमा अवाञ्छित प्रभाव पर्न सक्ने आयोगको आशंका छ । आयोगका प्रवक्ता टीकाराम पोखरेलले मंगलबार विज्ञप्ति जारी गरी न्याय माग्न सर्वोच्च अदालत पुगेका द्वन्द्वपीडितहरूको न्यायप्राप्तिको हक खोसिन लागेको भन्दै चिन्ता व्यक्त गरेका हुन् । केही राजनीतिक दलहरूले पीडितहरूको न्याय खोज्ने हकमा अवाञ्छित प्रभाव पार्न लागेको आयोगको ठहर छ । विज्ञप्तिमा भनिएको छ, 'संक्रमणकालीन न्यायको छुट्टै विधि र प्रक्रिया भए तापनि मानव अधिकार उल्लंघनका घटनाहरूमा न्यायप्राप्तिका लागि न्यायिक निकायमा प्रवेश गर्न पाउने पीडितको हकलाई सङ्कुचित गर्नु न्यायोचित हुँदैन ।' शान्ति सम्झौता भएको १६ वर्ष पूरा भइसक्दा पनि पीडितले न्याय नपाउनु चिन्ताको विषय भएको आयोगको धारणा छ । आयोगका अनुसार यो १६ वर्षको अवधिमा नेपाली कांग्रेस र माओवादीको सहकार्यबाट बारम्बार सरकार बनेका छन् । तर, कुनै पनि राजनीतिक समीकरण र सत्ता गठबन्धनको अवधिमा बृहत् शान्ति सम्झौतामा उल्लिखित संक्रमणकालीन न्यायको बाँकी कार्यभार पूरा गर्न तदारुकता देखाएको पाइँदैन ।

नेतृत्वको यही कमजोरीमा टेकेर वामपन्थी वा दक्षिणपन्थी कोणबाट स्थितिलाई मोड्न खोज्नु सबैका लागि चिन्ताको विषय रहेको नेताहरु बताउँछन् । यसबाट दलहरुले संक्रमणकालीन न्यायको विषयलाई प्रक्रियासम्मत किनारा लगाउने र युद्धकालीन पीडितलाई न्याय दिने काममा अब कुनै ढिलाइ गर्नु हुँदैन भन्ने पाठ सिक्न जरुरी रहेको राजनीतिक विश्लेषकहरु बताउँछन् । यो कुनै राजनीतिक प्रतिशोधको विषय नभएर एक मानवीय विषय भएकोले माओवादीको मात्र कुरा नभई कांग्रेस, एमाले वा संसदमा भएका अरु दलले समेत उत्तिकै गम्भीर हुनु पर्ने बिषय भएको उनीहरुको ठम्याइ छ ।

### एमाले...

प्रयोग गर्न पाउने कानुनी,व्यक्तिगत र संवैधानिक अधिकारको प्रश्न पनि भएको उल्लेख गरेका छन् ।

### अवकाशपछि...

भने । साथै उनले फैसलाविपरीत सुविधा लिनु अदालतको अवहेलना हुने समेत बताएका छन् ।

पूर्वविशिष्ट पदाधिकारीहरूलाई सुविधा उपलब्ध गराउने निर्णय कानुनविपरीत रहेको भन्दै अधिवक्ता रामचन्द्र पौडेलले २०६८ मा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । त्यसमा न्यायाधीशद्वय भरतराज उप्रेती र अवधेशकुमार यादवको इजलासले २०६८ मंसिर २२ मा फैसला गर्दै 'संसद्बाट कानून नबनाइ मन्त्रिपरिषद्ले पूर्वविशिष्टहरूलाई सुविधा दिनु स्वेच्छाचारी शासन र नागरिकको करमाथिको शोषण' भनेर व्याख्या गरेको थियो । तर, उक्त निर्णय भएको एक दशक भइसक्दा समेत सरकारले कानून भने बनाउन सकेको छैन ।

सर्वोच्च अदालतको फैसलाविपरीत पूर्वविशिष्टहरुले सरकारी ढुकुटीबाट गाडी, इन्धन, चालक, कर्मचारी र सहयोगीसहितको सुविधा लिइरहेका छन् । मन्त्रिपरिषद्को पटके निर्णयबाट सरकारले सबै पूर्वविशिष्टलाई गाडी, प्रतिमहिना एक सय लिटर पेट्रोल, एक जना सहयोगी र नासु तहका कर्मचारी र निवास तथा अंगरक्षकका रूपमा सुरक्षाकर्मी खटाउँदै आएको छ । अझ, कतिपय पूर्वविशिष्टले त उपचारको नाममा राज्यकोषबाट करौडौं रकम समेत लिदै आएका छन् ।

### सर्वोच्चमा...

बताएका छन् । करिब एक वर्ष अगाडि न्यायाधिकरणले फैसला गरेको भएपनि फैसलाअनुसार नै सर्वोच्च अदालतमा संघका अध्यक्ष भण्डारीले व्यक्तिगतरूपमा अपिल गरेको विषयमा यथार्थ जानकारी नलिई समाचार सम्प्रेषण गर्नु अनुचित रहेको अध्यक्ष रावलले उल्लेख गरेका छन् ।

### कोरियाबाट...

बिक्री गर्दै आएका छन् । उनी यतिबेला नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा शुरु भएको प्रथम गण्डकी औद्योगिक व्यापार मेलामा आफ्नो उत्पादनको बजारीकरणमा खटिएका छन् ।

चितवनको भरतपुर-५ तोरीखेतका गिरीले कोरियामा छँदा मासिक तीन लाख आम्दानी गरेका थिए । अहिले गिरी आफू उद्यमी मात्रै बनेनन् । कम्पनीमा आठ जनालाई रोजगार पनि दिएका छन् । उनले भरतपुर-५ शान्तिचोकमा 'उरी मःमः' कम्पनी सञ्चालन गरेका छन् । कोरियन भाषाको 'उरी'को अर्थ हाम्रो भएको उनले बताए । 'हामीले स्वचालित मेसिनबाट चिकेन, बफ र भेज मःम उत्पादन गरेर विभिन्न डिपार्टमेन्ट स्टोर्स, रेष्टुराँ, होटल तथा क्यान्टिनमा बिक्री गरिरहेका छौं,' गिरीले भने, 'बीस लाख लगानी गरी शुरु गरेको कम्पनीमा अहिले लगानी रू एक करोड पुगेको छ ।'

कोरियामा छँदा खाद्य उद्योगमा काम गरेका उनी नेपालमै केही गर्ने उद्देश्यले पाँच वर्षअघि फर्किएका थिए । सन् २०१८ मा नेपाल फर्किएपछि उनले कम्पनी सञ्चालनको प्रक्रिया शुरु गरेका थिए । शुरुमा गिरी दम्पतीले मात्रै कम्पनी सञ्चालन गरेका थिए भने पछि लगानी बढ्दै जाँदा कर्मचारी पनि थपिएको उनको भनाइ छ ।

कोरियन प्रविधि प्रयोग गरी उत्पादन गरिएको मःमः फ्रोजन गरी होलसेल तथा खुद्रा बिक्री गर्दै आएको गिरीले बताए । 'मेसिनबाट उत्पादन हुने मःमः फ्रोजनका लागि डिफ्रिजमा राख्नुपर्छ । छिट्टै फ्रोजन भएको मःम राम्रो हुन्छ,' गिरीले भने, 'फ्रोजन मःमबारे आम उपभोक्तामा गलत धारणा भएका कारण कतिपय होटल, रेष्टुराँ तथा क्यान्टिनहरुले हाम्रो उत्पादन लुकाएरबिक्री गर्ने गर्नुभएको छ, हाम्रो मःमः ग्राहकवर्गले मन पराउनुभएको छ, तर रेष्टुराँहरुले फ्रोजन मःमः हो भनेर बिक्री गर्नसक्नुभएको छैन ।'

उनले कम्पनीसँग दैनिक पाँच हजार प्लेट मःमः उत्पादनको क्षमता भए हाल दैनिक दुई हजार प्लेट मःमः उत्पादन भइरहेको बताए । 'मःमको बजारका लागि समस्या छैन, चितवनसहित नवलपुर, मकवानपुर, तनहुँ र पाल्पाको रामपुर पुर्याउँदै आएका छौं,' उनले भने ।

**जनमैत्री हस्पिटल प्रा.लि. आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/११/२४ गते**

बागमती प्रदेश, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिकामा जनमैत्री हस्पिटल प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **जनमैत्री हस्पिटल प्रा.लि.** काठमाण्डौ महानगरपालिका वार्ड नं १६, काठमाण्डौ जिल्ला, बागमती प्रदेश, नेपाल, ईमेलः hr@silverlinenepal.com,फोन नं. : ९८५१०४४५३७ |
| **प्रस्तावको व्यहोरा** | काठमाण्डौ महानगरपालिका वडा नं. १६, बालाजु स्थित जनमैत्री हस्पिटल प्रा.लि. ले १०० शैया क्षमताको अस्पताल निर्माण गरी उच्च गुणस्तरीय परिक्षण विधिहरु, आधुनिक प्रविधि र उपकरणहरु जडित निदानात्मक र उपचारात्मक उपचार गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | काठमाण्डौ जिल्ला/काठमाण्डौ महानगरपालिका वडा नं. १६ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न काठमाण्डौ महानगरपालिका वडा नं. १६ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य-चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूचना टाँस भएको निकाय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय-सुझावको लागि पत्राचार तथा सम्पर्क गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **जनमैत्री हस्पिटल प्रा.लि.**, काठमाण्डौ महानगरपालिका वडा नं. १६ इमेलः hr@silverlinenepal.com, फोन नं. : ९८५१०४४५३७ |
| **परामर्शदाताको नाम र ठेगाना** | **सिर कन्सल्टेन्सी प्रा.लि.**, मध्यपुर थिमी नगरपालिका वडा नं.-०३, कौशलटार, भक्तपुर सम्पर्क नं.-९८४१८३५४५९, Email:seerconsultancy@gmail.com |

# २० वर्षपछि विवाह गर्ने छोरीलाई कोसेली

**मध्यान्ह संवाददाता**
जुम्ला, २३ फागुन



जुम्लाका स्थानीय तहहरुले बालविवाह न्यूनीकरण गर्न अभियान सञ्चालन गर्न थालेका छन् । जुम्ला जिल्लामा बालविवाह बढ्दो क्रममा रहेकोले यसलाई न्यून गर्न स्थानीय पालिका तथा वडा सरकारले यस्तो अभियान सञ्चालन गर्न थालेका हुन् । जुम्लामा अशिक्षा, गरिबी, देखासिकी र प्रलोभनका कारण बालविवाहका बढ्दो क्रममा रहेको छ। बालविवाह न्यूनीकरण गर्नको लागि नेपाल सरकार तथा संघसस्था र एनजीओ आइएनजीओका वर्षेनि लाखौंको लागानी बालुवामा पानी हाले सरह हुने गरेको छ ।

यस्तो अवस्थालाई कम गर्नको लागि जुम्लाको हिमा गाउँपालिका वडा नम्बर १ ले २० वर्ष उमेरपछि विवाह गर्ने वडा भित्रका छोरीहरुलाई कोसेली प्रदान गरेर सम्मान गर्ने निर्णय गरेको छ। सोमबार बसेको वडा सरकारको बैठकले यस्तो निर्णय गरेको वडा अध्यक्ष रतनबहादुर शाहीले जानकारी दिए। उनका अनुसार बालविवाहलाई न्यून गर्ने उद्देश्यले वडा सरकारले २० वर्ष पूरा भएपछि विवाह गरेर जाने वडाभित्रका छोरीहरुलाई स्थानीयस्तरमा उत्पादित उनको राडी कोसेली प्रदान गरिने वडा अध्यक्ष शाहीले बाताए । स्थानीय सरकार, संघ संस्था र वडा सरकारले बालविवाहविरुद्ध सचेतनाका कार्यक्रमहरु सञ्चलान गरे पनि त्यति प्रभावकारी नभएकाले वडा सरकारले कोसेली कार्यक्रम ल्याएर बालविवाह कम गर्ने प्रयास गरेको उनको भनाइ छ ।

हिमा गाउँपालिका वडा १ मा जम्मा ४ सय ५० घरधुरी रहेका छन् । यी घरधुरीमा अनुमानित ६० जना छोरीहरु अविवाहित रहेको शाहीले बताए। उनका अनुसार कोसेली कार्यक्रम यही फागनु २४ गते बुधबार अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिनबाट शुरु हुनेछ । उक्त दिनबाट २० वर्ष उमेर पुगेर विवाह गरी जाने छोरीहरुलाई कोसेली दिएर विदाइ गरिने उनले बताए । बालविवाहबाट बहुविवाह, अनमेल विवाह, बेरोगारी समस्या लगायतका सामाजिक समस्या देखिने भएकोले त्यसबाट जोगाउनका लागि बालविवाह नै रोकिनुपर्ने उनले बताए । बालविवाहलाई बिस्तारै कम गरेर आगामी ५ वर्ष भित्र बालविवाहमुक्त वडा घोषणा गर्ने उनले प्रतिबद्धता जनाएका छन् । वडा अध्यक्ष शाहीले बालविवाह गर्ने गराउनेलाई पनि कानुनी कारबाहीको दायरामा ल्याउने बताए । त्यसैले बालविवाह नगर्न र नगराउन उनले सबैलाई आग्रह समेत गरेका छन् ।

बालविवाह कम गर्न कर्णाली प्रदेश सरकारले पनि बैंक खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रम लागु गरेको छ । २०७६ साल साउन १ गते भन्दा पछि जन्मिएका कर्णाली प्रदेशका १० जिल्लाका छोरीहरुका लागि यो कार्यक्रम लागु गरेको छ । तर पनि बाल विवाह रोक्न सकेको छैन । जुम्लामा किशोरी उमेरमै आमा बनेका थुप्रै घटना छन् । बालविवाह विरुद्धको सरकारी लगानी एकातिर, बालविवाहका घटना अर्कोतिर हुन थालेपछि स्थानीय सरकार सचेत बन्न थालेका हुन् ।

नेपालको संविधानले बालविवाहलाई निषेध गरेको छ। यस्ता कार्यलाई कानूनमा व्यवस्था भए बमोजिम दण्डनीय बनाइ पीडितलाई पीडकबाट क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले दफा ६६९२० को (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने गराउने कार्यलाई बालबालिकाविरुद्धको कसुर ठहरिने र उक्त कार्य गरेमा कसुरको मात्रा हेरी ७५ हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैदको सजाय हुने व्यवस्था गरेको छ । यो कार्य एकपटक सजाय पाएको व्यक्तिले पुनः दोहोर्‍याएमा थप २५ प्रतिशत सजाय हुने व्यवस्था गरेको छ ।

# चार मुद्दामा अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन



**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतबाट सफाइ पाएका चार मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन दिएको छ । अख्तियारका प्रवक्ता देवीप्रसाद थपलियाले मंगलवार विज्ञप्ति जारी गरी विशेष अदालतको फैसलामा चित्त नबुझेपछि सर्वोच्च अदालतमा पुनरावेदन गरिएको जानकारी गराएका हुन् ।

प्रवक्ता थपलियाका अनुसार विशेष अदालतबाट विभिन्न मितिमा फैसला भएकामध्ये गैर कानुनी लाभ तथा हानी, सार्वजनिक सम्पत्ति हानिनोक्सानी, राजश्व हिनामिना र गलत लिखत सम्बन्धि गरी चार मुद्दामा आयोगको निर्णयअनुसार मंगलबार सर्वोच्च अदालतमा पुनरावेदन गरिएको हो ।

दिनेश अर्याल, दीपिका रेग्मी, डोमा शेर्पा र कृष्णकुमार नेपालविरुद्ध मुद्दामा विशेष अदालतले सफाइ दिएको थियो ।

# प्रमुख साह महामूर्ख घोषित



**धनुषा/मस**–महामूर्ख, २०७९ सालको उपाधि जनकपुरधामका नगरप्रमुख मनोजकुमार साहलाई प्रदान गरिएको छ । जनकपुरधामको मिथिला नाट्य कला परिषद्ले हरेक वर्ष होलीको अवसरमा आयोजना गर्ने गरेको होली महोत्सव तथा महामूर्ख सम्मेलनका क्रममा यस वर्षको महामूर्खको उपाधि प्रमुख साहलाई प्रदान गरिएको हो ।

नेपाली कांग्रेसमा आबद्ध उनी नगरप्रमुखको टिकट पार्टीको भागमा नपरेपछि स्वतन्त्रबाट निर्वाचित भएका थिए । जनकपुरधाम नगरको फोहरलगायत समस्या समाधानको पहल गरेको भन्दै उनलाई सो सम्मान दिइएको आयोजकले जनाएको छ । नगरप्रमुख साहलाई मधेस प्रदेशका उद्योग, पर्यटन तथा वातावरणमन्त्री सुनिता यादवले उल्लु स्वरूपको टोपी र परवलको मालासहित दोसल्ला ओढाएर सम्मान गरेका हुन् । साथै समाजका लागि विभिन्न क्षेत्रमा योगदान दिएका अन्य १२ जनालाई विभिन्न शीर्षकको मूर्खको उपाधिले सम्मानित गरिएको छ । विभिन्न शीर्षकमा मूर्खको उपाधि पाउने विशिष्ट व्यक्तिमा पत्रकार ऋषि धमला (पटमूर्ख), रत्नेश्वर लाल कर्ण (डपौर शंख), महोत्तरी मठिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल (वैशाखानन्दन), नेत्री विभा ठाकुर (गणपसारी), वन कर्मचारी लालबाबु यादव (हराशंख), अधिवक्ता रेखा झा (सिलौट शंकर), याज्ञवल्क्य विद्यालयका प्रधानाध्यापक सञ्जयकुमार झा (खपसुरत), खेलाडी अरुण लाल (बज्रशंख), व्यवसायी बलराम साह (ब्रजशंख), पत्रकार वीरेन्द्र रमण (सोटाचन्थ), कवयत्री किरण झा 'रश्मी' (टुनमुसरी) तथा मोनाष्टिक स्कुलका सञ्चालक डा.सोनु साह (बज्रकिट) रहेका छन् ।

सबै मूर्ख उपाधि पाउनेलाई भिन्डी, भन्टा, आलु, खुर्सानी, केसौर, कटहरसहितको माला लगाएर सम्मान गरिएको थियो । सो समारोहमा विभिन्न कवि तथा साहित्यकारले कविता, होली तथा जोगिरा प्रस्तुत गरेका थिए ।

# महिलाका स्वास्थ्य समाधान गर्न सम्मेलन हुँदै




**काठमाडौं/मस**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महिला स्वास्थ्य सम्मेलन आयोजना गर्ने भएको छ । स्वास्थ्य सेवा विभागले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा परिवार कल्याण महाशाखाका निर्देशक डा.विवेककुमार लालले महिला स्वास्थ्यका देखिएका समस्या र ती समस्यालाई समाधान गर्नका लागि सम्मेलन आयोजना गर्न थालिएको जानकारी दिए ।

उनका अनुसार यही फागुन २५ र २६ गते सम्मेलन हुनेछ। सम्मेलन महिला स्वास्थ्यको बहुआयामिक विषयवस्तुमा केन्द्रित हुने उनको भनाइ छ। सम्मेलनमा यौन, तथा प्रजनन स्वास्थ्य र अधिकार, नसर्ने रोग, बालबालिका, किशोरकिशोरी र ज्येष्ठ नागरिकको स्वास्थ्य, मानवीय सहयाता आवश्यकपर्ने अवस्थामा महिला स्वास्थ्य र पोषणसम्बन्धी विषयमा छलफल हुने उनले जानकारी दिए । विभागका महानिर्देशक डा.दिपेन्द्ररमण सिंहले महिला स्वास्थ्यमा प्राप्त भएका उपलब्धि, चुनौती तथा अवसर, अन्वेषण विकसित घटनाक्रम र तथ्यांकको सम्मेलनमा छलफल हुने बताए । महिला स्वास्थ्यको विषयलाई विस्तार गर्न र सशक्त बनाउनका लागि अनुसन्धान, क्षमता, अभिवृद्धि, नीति निर्माण र पैरबीबीच अन्योन्याश्रिक सम्बन्धलाई थप बलियो बनाउनका लागि सम्मेलन आयोजना गर्न लागिएको उनले बताए ।

सम्मेलनमा महिला स्वास्थ्यबारे ८५ वटा कार्यपत्र प्रस्तुत गरिने छ । सम्मेलनमा देशभरिका महिला स्वास्थ्यको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा काम गरिरहेका सरकारी, गैरसरकारी संस्था, प्रतिष्ठान, शिक्षण संस्था लगायतका तीन सयभन्दा बढी प्रतिनिधिको सहभागी हुनेछ ।

सम्मेलनमा महिला स्वास्थ्यका विषयमा कार्यरत अनुसन्धानकर्ता, विद्वान, एवम् विज्ञ र कार्यक्रमका कार्यन्वयनकर्ताबाट उपलब्ध भएका तथ्यांक, तथ्य, सिकाइ र दृष्टिकोणलाई छलफल गरिनेछ । यस्तै महिला स्वास्थ्य क्षेत्रमा भएका नवीन प्रयास र सफलतालाई पनि छलफल गरिने छ ।

# कालीगण्डकी करिडोरको अवरोध हटाउन पहल



काठमाडौं/मस-नेपाल विद्युत् प्राधिकरणको उच्चस्तरीय टोलीले कालीगण्डकी करिडोर दुई सय २० केभी प्रसारण लाइन आयोजना निर्माणमा पर्वतको फलेवासमा भइरहेको अवरोध हटाउन पहल गरेको छ। देवीस्थानस्थित विद्यालय र रंगशालामा क्षति पुग्ने भन्दै स्थानीय बासिन्दाले विगत तीन वर्षदेखि प्रसारण लाइनको रुट सार्न माग गर्दै निर्माणमा अवरोध गर्दै आएका छन् । स्थानीयको अवरोधका कारण फलेवासमा प्रसारण लाइनका चारवटा टावर निर्माण हुन सकिरहेको छैन ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान, आयोजना प्रमुख चन्दन घोष सम्मिलित उच्चस्तरीय टोलीले निर्माणमा अवरोध भइरहेको फलेवास-६ देवीस्थानको स्थलगत निरीक्षण गरेको छ ।

टोलीमा पर्वतका जिल्ला समन्वय प्रमुख विष्णुराम विक, फलेवासका नगरप्रमुख गंगाधर तिवारी, उपप्रमुख शोभाकुमारी क्षेत्री, प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल, निवर्तमान नगरप्रमुख पदमपाणि शर्मा, प्रहरी नायब उपरीक्षक मधुसोधन न्यौपाने, वडाध्यक्ष नवीन श्रेष्ठलगायतको सहभागिता थियो । टोलीले प्रसारण लाइन निर्माणस्थलको स्थलगत निरीक्षण गरी स्थानीय बासिन्दासँग छलफल गरेको थियो ।

टोलीले कालीगण्डकी र यसका सहायक खोलानालामा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि यो लाइन महत्वपूर्ण रहेकाले निर्माणमा अवरोध नगरिदिन आग्रह गरेको थियो। लाइन अभावमा जलविद्युत् आयोजनाको विद्युत् मुख्यरुपमा वर्षायाममा प्रवाह गर्न नसकिएको भन्दै टोलीले यसबाट राष्ट्रलाई ठूलो क्षति भइरहेकाले निर्माणमा सहयोग गरिदिन अनुरोध गरेको थियो ।

प्रसारण लाइनको टावर सार्न सम्भव भए/नभएको विषयमा प्राविधिक टोलीले चार-पाँच दिनभित्रमा सर्वेक्षण सम्पन्न गर्ने सहमति भएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । 'प्रसारण लाइनमुनि विद्यालय पर्छ भन्ने स्थानीयको कुरा थियो तर स्थलगत निरीक्षणबाट मार्गाधिकारमा विद्यालय नपर्ने देखिएको छड, घिसिङले भने ।

सर्वेक्षण सम्पन्न भएपछि विद्यालयलाई प्राथमिकतामा राखी प्राविधिकरुपमा सम्भव भएसम्म टावरलाई रंगशालाको डिलतर्फ च्यापेर टावर निर्माण गर्ने सहमति भएको छ । रंगशालाभन्दा तल भिर रहेकाले टावर धेरै तलसम्म लैजाने सम्भावना छैन । उनले विद्यालयलाई जोगाएर प्राविधिकरुपमा सम्भव भएसम्म रङ्गशालालाई पनि कम असर पर्ने गरी टावर निर्माण गरिने प्रष्ट पारे। कालीगण्डकी र यसका सहायक नदीहरुमा निर्माण हुने जलविद्युत् आयोजनाहरुको विद्युत् प्रवाहका लागि नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण शुरु गरिएको हो ।

आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाबाट पर्वतको कुश्मा नगरपालिका-२ खुर्कोटसम्मको ३९ दशमलव ६ किलोमिटर पहिलो खण्ड निर्माण सम्पन्न भई सञ्चालनमा छ । खुर्कोटमा २२०/१३२ केभी र दानामा २२०/१३२/३३ केभी सबस्टेसन निर्माण गरिएको छ ।

करिडोरको दोस्रो खण्डअन्तर्गत कुश्माबाट नवलपरासीको सुनवल नगरपालिका-१३ भुमहीस्थित (नयाँ बुटवल सबस्टेसन)सम्मको ८८ किलोमिटर प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ । यस खण्डमा पर्ने दुई सय ३५ वटा टावरमध्ये फलेवासमा पर्ने चारवटाको निर्माण बाँकी रहेको छ । प्रसारण लाइन निर्माण असारभित्रमा सम्पन्न गर्ने गरी काम भइरहेको आयोजना प्रमुख चन्दन घोषले बताए ।

# मल्कबाङमा बन्यो स्वास्थ्यचौकी भवन



**म्याग्दी/मस**–म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कबाङमा स्वास्थ्यचौकी भवन निर्माण गरिएको छ। पाँच वर्षअघि निर्माण शुरु भएको स्वास्थ्य चौकीको भवनले पूर्णता पाएसँगै जीर्ण भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने बाध्यता हटेको छ ।

वल्डवाइड मालीका भगवती जेभीले वि.सं. २०७४ मंसिर २७ मा १८ महिनामा निर्माण सम्पन्न गर्ने गरी भ्याट बाहेक एक करोड ९० लाखमा स्वास्थ्यचौकी भवन निर्माण गर्ने ठेक्का सम्झौता गरेको थियो। निर्माण व्यवसायीको ढिलासुस्ती, कोरोना महामारी, निर्माण सामग्री ढुवानीमा भएको समस्या लगायतका कारण निर्धारित समयभन्दा ढिला गरी भवन निर्माण भएको सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले जनाएको छ ।

भवन निर्माण सम्पन्न भएपछि स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्षासमेत रहेका वडाध्यक्ष अमर छन्त्याल र स्वास्थ्यचौकी प्रमुख जगदेवी छन्त्याललाई भवन हस्तान्तरण गरिएको कार्यलयका इन्जिनियर योगेन्द्र बास्ताकोटीले जानकारी दिए। उनका अनुसार, निर्माणधीन भवन परिसरमा निर्माण गर्न थालिएको खेलमैदानदेखि गएको पहिरोले स्वास्थ्यचौकी भवन जोखिममा परेपछि पक्की पर्खाल र ग्याबिन जाली लगाएर संरक्षणको काम गरिएको छ ।

अन्तिम पटक गत पुस मसान्तसम्मका लागि थप भएको समयसिमाभित्र निर्माण व्यवसायीले भवन निर्माण सम्पन्न गरेपछि कार्यालयको तर्फबाट जाँच गरिएको थियो । नवनिर्मित दुई तलाको १३ कोठे भवनमा बिरामीको उपचारका लागि शय्या, औषधि भण्डारण, कर्मचारी आवास, प्रशासन, तालिम हलका लागि छुट्टाछुट्टै कक्षको व्यवस्था छ।

भवनको रङगरोगन गर्ने, फर्निचर, विद्युत्, पानी जडान, पर्खाल र घेराबार लगायतका काम सम्पन्न भएपछि नवनिर्मित भवनबाटै स्वास्थ्यचौकीको सेवा प्रवाह गर्ने तयारी गरिएको स्वास्थ्यचौकीका प्रमुख छन्त्यालले बताए । यस स्वास्थ्य चौकीबाट करिब दुई सय ५० घरधुरीले स्वास्थ्य उपचार सेवा लिँदै आएका छन् ।

# पनौतीमा संकटा जात्रा



**काभ्रेपलाञ्चोक/मस**– काभ्रेपलाञ्चोकको पनौतीमा फागु पूर्णिमाको अवसरमा संकटा जात्रा मनाइएको छ। यो जात्रा खासगरी यस क्षेत्रमा बसोबास गर्ने आचार्य र प्रधान समुदायका मानिसले मनाउँछन् ।

जात्रा फागु पूर्णिमाको दिन बिहानै पनौतीको संकटा मन्दिरबाट शुरु भई विभिन्न मठमन्दिरको बाजागाजासहित परिक्रमा गरी पुनःसोही मन्दिर पुगी प्रसाद वितरणपछि समापन हुन्छ। पौराणिककालदेखि नै मनाइने भएपछि केही समय मनाउन छाडिएको यो जात्रा २०६७ सालदेखि स्थानीय युवा र भिन्तुना ग्रुपको सक्रियतामा फेरि शुरु भएको जात्रा व्यवस्थापन समितिका सदस्य रोशनकुमार श्रेष्ठले बताए। मन्दिरमा आचाजु अर्थात कर्माचार्यद्वारा पुजाआराधाना हुँदै आएको छ।

पारिवारिक सुख शान्ति र सम्वृद्धिको कामनाका साथै मेलमिलाप र संकट मोचनको कामना गर्दै जात्रा मनाउने चलन छ। संकटा जात्रामा एकआपसमा अबीर लगाएर खुसी साटासाट गरी होली पर्व मानाइन्छ। जात्रालाई अबीर जात्रासमेत भनिने समितिका संयोजक विक्रम प्रजापतीको भनाइ छ। विगतमा जस्तै यसवर्ष पनि रातो पहिरनमा सजिएका महिलाले पुजा सामग्रीसहित जात्रायात्रा र पूजाआराधाना गरेका छन्। जात्राको मुख्य पूजारीमा सत्यनारायण कर्माचार्य रहेका थिए।

## ग्रील तथा स्टील व्यवसायी महासंघको साधारण सभा सम्बन्धी सूचना

FGSFN

**प्रकाशित मितिः २०७९/११/२४**

ग्रील तथा स्टील व्यवसायी महासंघ नेपाल केन्द्रीय समितिको २०७९ साल पौष १४ गते बसेको बैठकले महासंघको २८ औं साधारण सभा तथा नवौं राष्ट्रिय महाधिवेशन यहि मिति २०७९ साल चैत्र २५ गते बिहान १० बजे काठमाडौंमा सम्पन्न गर्ने निर्णय भएको जानकारी गराउँदै महासंघमा आबद्ध जिल्ला क्षेत्र, नगर र इकाई समितिहरुले २०७९ साल चैत्र १० गतेभित्र संस्था नविकरण, साधारण सभा सकेर प्रत्येक सदस्यहरुको सचिवालय शुल्क सहितको विवरण महासंघमा उपलब्ध गराई चैत्र २५ गते साधारण सभामा उपस्थित हुन सूचित गरिन्छ ।

**छलफलका विषयहरु :**

१. महासचिवको प्रतिवेदन
२. कोषाध्यक्षको प्रतिवेदन
३. विधान संशोधन
४. निर्वाचन
५. विविध

**विवेकदास श्रेष्ठ**
**महासचिव**
**९८५१००७३५२**



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२४ फागुन २०७९, बुधबार
8 March 2023, Wednesday

## सम्पादकीय

# मार्च ८ को सान्दर्भिकता

अन्तर्राष्ट्रिय महिला दिवस हरेक वर्ष मार्च ८ मा नेपालसहित विश्वभर मनाइन्छ । महिलाको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक उपलब्धिहरूका बारेमा समीक्षा गर्ने, नयाँ योजना बनाउने र लैङ्गिक समानताको वकालत गर्ने दिन भएकोले यस दिनको विशेष महत्व छ ।

नेपालमा पनि विभिन्न क्षेत्रमा महिलाको योगदान र उपलब्धिलाई उजागर गर्ने विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय नारी दिवस मनाइन्छ । यी कार्यक्रमहरू महिलाहरूले सामना गर्ने चुनौतीहरू, जस्तै लैङ्गिक हिंसा, भेदभाव र शिक्षा तथा रोजगारीका अवसरहरूमा असमान पहुँचलाई सम्बोधन गर्न केन्द्रित छन् ।

नेपालमा अन्तर्राष्ट्रिय महिला दिवसको उल्लेखनीय उपलब्धि भनेको महिला अधिकार र लैङ्गिक समानताको लागि बढेको चेतना र वकालत हो । वर्षौंदेखि, महिला समूह र संगठनहरूले यस दिनलाई राज्यको नीति परिवर्तन र लैङ्गिक समानता प्रवर्द्धन गर्ने र महिला अधिकारको संरक्षण गर्ने कानुनी सुधारहरूको वकालत गर्ने अवसरको रूपमा प्रयोग गर्दै आएका छन् ।

|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 0 | स. काममा दक्ष | 900 | ३२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः POWER CLEANING SERVICES & BUILDING MAINTENANCE (L.L.C.) शहरः UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/२४ चलानी नं.: ६०१७०११४ L.T. No.: 253551 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 31 | 108 | स. काममा दक्ष | 900 | ३२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ चैत १ गते (15 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502 | 9818106406 | 9813571379

## एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड

# अरुणा र अञ्जन वर्ष खेलाडी

काठमाडौं/मस- भलिबलकी अरुणा शाही र फुटबलका अञ्जन बिष्ट एनएसजेएफ बजार पल्सर स्पोर्ट्स अवार्ड २०७८ को वर्ष खेलाडी घोषित भएका छन् । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले मंगलबार आयोजना गरेको कार्यक्रममा अञ्जन पुरुषमा र अरुणा महिला स्पर्धामा वर्ष खेलाडी घोषित भए ।

पुरुषतर्फका विजेता अञ्जनले क्रिकेटका दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेल, ब्याडमिन्टनका प्रिन्स दाहाल तथा फुटबलका किरणकुमार चेम्जोङलाई पछाडि पारे । अञ्जनले साफ च्याम्पियनसिपमा नेपाललाई पहिलोपटक फाइनलमा पुऱ्याउन मद्दत गरेका थिए । वर्ष महिला खेलाडी घोषित भलिबलकी अरुणाले क्रिकेटका सीता रानामगर र रुविना क्षेत्री, एथ्लेटिक्सकी पुष्पा भण्डारी र बक्सिङ पुनम रावललाई पछि पारिन् । अरुणाकै कप्तानी नेपालले बंगलादेश सम्पन्न एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि रक्षा गरेको थियो । पुरुष र महिलामा अवार्ड विजेताले बजार पल्सर मोटरसाइल प्राप्त गरे ।




भलिबलकै उषा भण्डारीले पिपुल्स च्वाइस अवार्ड जितिन् । ईसेवाको भोटिङ, मञ्चका सदस्यको मत, फेसबुक लाइक र प्रमुख प्रशिक्षकको मतका आधारमा उषा विजेता भएकी हुन् । सर्वाधिक ३८ प्रतिसत मत प्राप्त गर्दै विजेता भएकी उषाले बजार पल्सर मोटरसाइकल प्राप्त गरिन् । यो अवार्डको मनोनयनमा क्रिकेटका आसिफ सेख, फुटबलका अञ्जन विष्ट, टेनिसकी अभिलाषा विष्ट र पौडीकी डुवाना लामा थिए ।

वर्ष उत्कृष्ट प्रशिक्षक भने फुटबलका अब्दुल्लाह अलमुताइरी घोषित भए । यो अवार्ड विजेताले पनि पल्सर मोटरसाइकल पाए । उनको प्रशिक्षणमा नेपाल माल्दिभ्समा सम्पन्न १३औं साफ च्याम्पियसिपको फाइनलमा पुगेको थियो । अब्दुल्लाहले पारा तेक्वान्दोका कविराज नेगी लामा, बक्सिङका दीपक महर्जन, क्रिकेटका डेभ ह्वाटमोर र भलिबलका जगदीश भट्टलाई पछि पारे ।

फुटबलका मनीष डाँगी युवा वर्ष खेलाडी घोषित भए । उनले फुटबलकै प्रीति राई, ब्याटमिन्टनकी रसिला महर्जन, बक्सिङका छिरिङ वाङ्दी शेर्पा, भलिबलकी उषा भण्डारीलाई पछि पार्दै यो अवार्ड जिते ।

मनीषले अन्तर्राष्ट्रिय फुटबल पदार्पणमा एसियाली फुटबलको हेभिवेट राष्ट्र इराकविरुद्ध दर्शनीय गोल गरेका थिए । साथै साफ फुटबल च्याम्पियनसिपको उद्घाटन खेलमा आयोजक माल्दिभ्सविरुद्ध निर्णायक गोल गरेका मनीषले सोही वर्ष मच्छिन्द्र क्लबलाई लिग च्याम्पियन बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए । यससँगै मनीषले पनि बजाज पल्सर मोटरसाइकल प्राप्त गरे । पारा तेक्वान्दोकी खेलाडी पलेशा गोवर्धन पारा एथ्लिट अवार्डबाट सम्मानित भइन् । उनले ट्रफीसँगै ५० हजार नगद पुरस्कार पाइन् । पलेशाले जापानमा सम्पन्न पारालम्पिकमा कांस्य पदक प्रतिस्पर्धासम्मको यात्रा तय गरेकी थिइन् ।

सोही वर्ष नै पलेशाले बहराइनमा सम्पन्न एसियन युथ पारा गेम्समा एक स्वर्ण जितेकी थिइन् । अन्तर र्ाष्ट्रिय एसियन खेल पत्रकार अवार्ड कतारका मोहम्मद हेजीले प्राप्त गरेका छन् । एथ्लेटिक्सका प्रशिक्षक रघुराज वन्तले लाइफटाइट एचिभमेन्ट अवार्ड जिते । साथै उनले पनि ५० हजार रुपैयाँ पुरस्कार पाए । स्पेसल अवार्डबाट ब्याडमिन्टनका दानबहादुर तामाङ र मायादेवि मोक्तान सम्मानित भए । आफ्ना तीन सन्तानलाई ब्याडमिन्टनका राष्ट्रिय च्याम्पियन बनाउन सफल तामाङ दम्पतीले विशेष अवार्डका साथै ५० हजार रुपैयाँ पाए । तामाङ दम्पती राष्ट्रिय च्याम्पियनत्रय सरादेवि, नङ्सल र रत्नजित तामाङका बुबाआमा हुन् ।

२०७७ सालमा नेपाली खेलकुद क्षेत्रको माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा योगदान पुऱ्याउने खेलाडी तथा खेलव्यक्तित्वलाई अवार्डबाट पुरस्कृत गरिएको हो । १९औं संस्करणको पल्सर अवार्डको मुख्य प्रायोजक हंशराज हुलासचन्द एण्ड कम्पनी प्रालि रहेको छ । सहप्रायोजकहरूमा सूर्य नेपाल प्राली, ईसेवा, रोयल सिंगी होटल, एडिडास, इमेजिङ, प्लाजा होटल ग्रुप, सुबिसु र न्यु होराइजन कार्पेट इन्डस्ट्री छन् । सहयोगी संस्थामा राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी र बाग्मती प्रदेश खेलकुद विकास परिषद् छन् ।

# एसियाली क्रस कन्ट्रीमा नेपाललाई २ स्वर्ण, ४ रजत र २ कास्य पदक

काठमाडौं/मस- नेपाल एथलेटिक्स संघको आयोजनामा गोकर्ण गल्फ रिसोर्टमा भएको एसियाली क्रस कन्ट्री प्रतियोगितामा मंगलबार नेपालले पुरुष सिनियरको व्यक्तिगत र टिम दुवैमा स्वर्ण पदक जितेको छ । त्यस्तै सिनियर महिला र जुनियर महिलामा नेपालले समान २ रजत पदक जितेको छ । नेपालले थप २ कांस्य पनि जित्यो ।

सिनियर पुरुष १० किलोमिटर दौडमा दीपक अधिकारीले स्वर्ण पदक जितेका हुन् । सो इभेन्टमा मुकुशबहादुर पालले कास्य पदक जिते । जापानका डाइची कामिनोले ३३ मिनेट ५२.०६ मा दौड पूरा गरेर रजत पदक पाए । २६ जनाले भाग लिएको प्रतिस्पर्धामा नेपालका मुकेशबहादुर पाल ३४ मिनेट ३३.३९ सेकेण्डमा दौड पूरा गर्दै कास्य पदक जिते । सिनियर पुरुष टिम इभेन्टमा पनि नेपालले स्वर्ण पदक जितेको छ । दीपक, मुकेश र दीपक सुहानले १ घन्टा ४३ मिनेट १९ सेकेण्डमा दौड पूरा गरेर स्वर्ण पदक जिते । इरानले रजत र भारतले कास्य पदक जितेको छ ।

एसियन क्रस कन्ट्री च्याम्पियनसिपमा नेपालले सिनियर महिलामा पनि २ रजत पदक जितेको छ । सिनियर महिला १० किमी दौडमा नेपालका लागि राजपुरा पछाईले रजत पदक जितेकी छिन् । त्यसको टिम इभेन्टमा पनि नेपालले रजत पदक जितेको हो । राजपुराले निर्धारित दुरी ४१ मिनेट ३१ सेकेण्डमा पार गर्दै रजत पदक जितेकी हुन् ।

सो स्पर्धामा जापानकी युवा सरुमिदाले निर्धारित दुरी ३८ मिनेट ३३ सेकेण्डमा पार गर्दै स्वर्ण पदक जितिन् । भारतकी सोनीकाले कास्य पदक जितिन् । सोनीकाले निर्धारित दुरी ४१ मिनेट ३१ सेकेण्डमा पार गरिन् । सोही स्पर्धाको टिम इभेन्टमा नेपालले रजत पदक जितेको हो । रापुरा पछाई, पुष्पा भण्डारी र वृन्द्रा धनाके श्रेष्ठले १० किमी दौडको दुरी २ घण्टा ७ मिनेट ५७ सेकेण्डमा पार गर्दै रजत पदक जितेका हुन् ।

सो स्पर्धामा भारतते स्वर्ण पदक जितेको छ । भारतका सोनिका, छवि यादव र मुन्नी देवीले निर्धारित दुरी २ घण्टा ४ मिनेट र ३८ सेकेण्डमा पार गर्दै स्वर्ण पदक जितेको हो । थाइल्याण्डका लिन्दा जन्थाचित, नथाया थनारोनावत र सुनिका प्रिचापोंगले २ घण्टा १३ मिनेट र १६ सेकेण्डमा दुरी पार गर्दै कास्य पदक जितेका छन् ।

एसियन क्रस कन्ट्री च्याम्पियनसिपको जुनियर पुरुष (यू-२०) ८ किलोमिटर दौडमा नेपाली टोलीले कास्य पदक जितेको छ ।

गोकर्ण गल्फ रिसोर्टमा मंगलबार भएको च्याम्पियनसिपमा नेपालले कास्य पदक पाएको हो । च्याम्पियनसिपमा भारतले स्वर्ण र इरानले रजत पदक जितेको छ ।

नेपालका शेरबहादुर अधिकारी, सञ्जय दमाई र विकेश घिमिरेले १ घन्टा ३१ मिनेट ५० सेकेण्डमा दौड पूरा गर्दै कास्य पदक पक्का गरे । भारतले १ घन्टा २५ मिनेट ४० सेकेण्ड मा दुरी पार गर्दै स्वर्ण पदक र इरानले १ घन्टा २६ मिनेट ५६ सेकेण्डमा दौड पार गर्दै रजत पदक जिते ।

आठ किलोमिटरको जुनियर पुरुषको व्यक्तिगत स्पर्धामा इरानले स्वर्ण, भारतले रजत र इरानले नै कास्य पदक जिते । इरानका समिर इन्जाबिलघायजीले २७ मिनेट ३८ सेकेण्डमा दुरी पूरा गर्दै स्वर्ण पदक जिते । भारतका शिवजी परशुरामले २७ मिनेट ३९ सेकेण्डमा दुरी पार गर्दै रजत र इरान कै पौरिया यशाधिन्हदले २८ मिनेट ०२ सेकेण्डमा दुरी पुरा गर्दै कास्य पदक जिते ।

नेपालकी राममाया बुढा फोटो फिनिसमा पछि पर्दै महिला जुनियर ६ किलोमिटर दौडमा रजत पदकमा चित्त बुझाउनुपरेको छ । राममाया र भारतकी श्रुती श्रीधर रेडाकर दुवैले २४ मिनेट १५ सेकेण्डमा दूरी तय गरेपछि फोटो फिनिसमा भारतकी श्रुतीले बाजी मार्दै स्वर्ण पदक प्राप्त गरिन् । ११ खेलाडीको सहभागिता रहेको प्रतिस्पर्धामा भारतकी बेबीले कास्य पदक प्राप्त गरिन् । बेबीले २४ मिनेट २१ सेकेण्डमा दौड पूरा गरेकी थिइन् । त्यस्तै टिम इभेन्ट्समा पनि भारतले स्वर्ण पदक जित्यो । टिममा नेपालले रजत पदक जित्यो । भारतका तीन खेलाडी श्रुती, बेबी र प्रियंकाले १ घण्टा १४ मिनेट ०९ सेकन्डमा दुरी तय गर्दै टोलीलाई स्वर्ण पदक हात पारे ।

नेपालका राम माया बुढा, राज्य लक्ष्मी रावल र विमला कार्कीले १ घण्टा १८ मिनेट २२ सेकेण्डमा दूरी तय गरेर रजत पदक दिलाए । टिमतर्फ तीन खेलाडीले तय गरेको समय जोडेर विजेता चुनिएको हो । त्यसअघि प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

च्याम्पियनसिपमा सिनियर महिला र पुरुषतर्फ १० किलोमिटर, २० वर्ष मुनिका जुनियर महिलातर्फ ६ किलोमिटर र २० वर्ष मुनिका जुनियर पुरुषतर्फ ८ किलोमिटर गरि ४ विधामा व्यक्तिगत र टिम इभेन्ट्समा प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा ११ राष्ट्रका ६५ खेलाडीको सहभागिता रहेको थियो ।

विजेता खेलाडीलाई नेपाल एथलेटिक्स संघका अध्यक्ष राजीवविक्रम शाह, एसियन एथलेटिक्स एसोसिएसनका अध्यक्ष दालानलगायतले पुरस्कृत गरे ।

कान्तिपुर पिङपोङ भ्याली क्लब (केपीभीसी)की रोनिशा महर्जनले बृहत खेलकुद महोत्सवअन्तर्गत ललितपुर जिल्लास्तरीय टेबलटेनिस प्रतियोगिताको महिला सिंगल्समा मंगलबार स्वर्ण जितेकी छन् ।

सातदोबाटोस्थित कराते हलमा भएको फाइनलमा रोनिशाले अस्मिता स्कुलकी योङ्गी पौडेललाई ४-३ को सेटमा पराजित गरिन् । एएनएस १९८० क्लबकी अंकिता वज्राचार्य तेश्रो भइन् ।

# चर्च ब्वाइजको लगातार दोस्रो जित



**काठमाडौं/मस-** शहीद स्मारक ए डिभिजन लिग फुटबलमा चर्च ब्वाइज युनाइटेडले लगातार दोस्रो जित निकालेको छ । मंगलबार दिउँसो एन्फा कम्प्लेक्समा सातदोबाटोमा भएको खेलमा एफसी खुमलटारलाई ३-१ गोल अन्तरले पराजित गर्दै चर्च ब्वाइज लगातार दोस्रो जित निकाल्न सफल भएको हो ।

चर्च ब्वाइजको जितमा आशिष चापागाईले दुई र एरिक बिष्टले एक गोल गरे । खुमलटारका मेसुके ओलुमोउले एक गोल गरे । जितसँगै चर्च ब्वाइज अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । चर्च ब्वाइजले २ खेलमा ६ अंक जोडेको छ । लिगको पहिलो खेलमा चर्च ब्वाइजले पुलिस क्लवलाई हराएको थियो । अर्को खेलमा थ्री स्टार र फ्रेण्ड्स क्लवले ३-३ गोलको बराबरी खेलेका छन् ।

KARNALI PROVINCE GOVERNMENT
MINISTRY OF PHYSICAL INFRASTRUCTURE, ENERGY AND WATER RESOURCE
INFRASTRUCTURE DEVELOPMENT DIRECTORATE

## INFRASTRUCTURE DEVELOPMENT OFFICE

DAILEKH

## NOTICE FOR OPENING OF PRICE BIDS

**Date of Publication: 2079/11/24 (08th March, 2023)**

1. Pursuant of Clause 31(Nga), sub clause 5 of public procurement Regulation,2064,(including amendments) this is to notify all the concern bidders, participated in the bidding of contract invited through IFB-: **02-079/080** published in national daily newspaper on 2079/09/08. The technical bids of following listed bidders for contracts are qualified.
2. All the qualified bidders are notified to participated in opening of Price bids scheduled on 2079/12/01 (15th March 2023) 11:00 hours at the Infrastructure Development Office, Dailekh.

| S.N | Contract ID No: | Description and location of works | Qualified Bidders |
|---|---|---|---|
| 1 | IDO/Dailekh/W/NCB-45-078/079(Re) | Construction Of Kopchhi-Katti-Bestada-Ruma-Chauratha-Deuli-Dailekh Road | M/S Divya Jyoti Construction Pvt.Ltd |
| | | | M/S Waiba & Lama/Lopurna JV |

**Act. Office Chief**


## साउदीमा बैदेशिक रोजगारको अवसर

कम्पनी :Madhaq Hatab Food Services Restaurant — शहर:Saudi Arabia, Riyadh
पूर्व स्वीकृती मिति : २०७९/११/२३ — चलानी नं.६०१९७७०२ — LT No. 282195

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Labour | 13 | काममा दक्ष | 1200 | ४१,७१५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि:शुल्क | नि:शुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०७९ चैत १ गते (15 March, 2023) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No.:01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np
Lic. No. 695/063/064

## कुवेतमा रोजगार | कम्पनी :GROUP BAMA GEN TRAD & CONT CO

पूर्व स्वीकृत मिति: २०७९/११/१९ — चलानी नं.: ६०१९७६९३ — LT. No.: 281802

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 125 | ५३,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १ गते (15 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

World View International Human Resources (Pvt.) Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel :+977-1-4650445, 4650446
Fax : +977-1-4650447, E-mail: worldview.internationalhr@gmail.com
Govt. Lic. No. 962/067/068

## साउदीमा रोजगार | कम्पनी: QURUM RESTAURANT FOR POPULAR FOOD ES

पूर्व स्वीकृत मिति: २०७९/११/२३ — चलानी नं.: ६०१९७७४३ — L.T. No.: 282330

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १ गते (15 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।– |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

## कतारमा रोजगार | कम्पनी : SHAQAB ABELA CATERING SERVICES CO. शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७९/०५/१४ — चलानी नं.: ६०१८६४०१ — L.T. No.: 270562 — पून बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ चैत १ गते (15 March 2023) मा हुनेछ ।
अन्तर्वार्ता होटेल सेन्टर प्वाइन्ट, झापामा २०७९ चैत २ गते (16 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु स"ग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Wahaa Manpowers Supplier Pvt. Ltd.
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014583566, 4516998
9851049622, 9851071299, 9803100224
Email: wahaa.nepal@gmail.com
Govt Lic No. 469/060/061

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARCHITECTURAL WOOD WORKS FACTORY — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७९/०८/०१ — चलानी नं.: ६०१९१४६९ — L.T. No.: 275826 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 35 | 0 | स. काममा दक्ष | 95 | ४०,४७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १ गते (15 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि)
सामाखुसी, टाउन प्लानिङ्, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोन: ०१-४३६३४०३, ९८१८६५८०९८, ९८०१८९४४३३
Govt. Lic. No. 1156/073/074

# बैंकिङ क्षेत्रका कर्मचारी त्रसित

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

विवादित व्यवसायी दुर्गा प्रसाईंले बैंकको ऋण नतिर्ने अराजक आन्दोलन चर्काएपछि बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुमा यतिबेला त्रास पैदा भएको छ। लघुवित्त संस्था विरुद्धको आन्दोलन र बैंक ब्याजदर विरुद्धको आन्दोलन देशव्यापी रुपमा विभिन्न ढंगले भइरहेको छ। केन्द्रीय बैंकको नीतिले ब्याजदर बढेको र त्यसले उद्योग व्यवसाय बन्द हुने अवस्था सिर्जना गरेको व्यवसायीहरुले आरोप लगाएका छन् ।

विभिन्न ठाउँमा बैंक तथा वित्तीय संस्थाविरुद्ध आन्दोलन चर्किन थालेपछि राष्ट्र बैंकका कर्मचारीले समेत आफ्नो गाडीमा लगाएको स्टिकर हटाउन थालेका छन्। केन्द्रीय बैंकका कर्मचारीले रातो नम्बर प्लेटको गाडीमा नेपाल राष्ट्र बैंकको स्टिकर लगाएर चढ्ने गर्छन् । आन्दोलनकारीले स्टिकर सहितको गाडीमा आक्रमण गर्न सक्ने डरले राष्ट्र बैंकका कर्मचारीहरुले त्यसलाई हटाउन शुरु गरेको जनाइएको छ । केन्द्रीय बैंकका कर्मचारीले मात्रै नभएर अन्य बैंकका कर्मचारीहरुले समेत आफ्नो गाडीमा स्टिकर हटाएका छन् ।



बैंक तथा वित्तीय संस्था विरुद्धका गतिविधि गर्ने अराजक समूहलाई तत्काल कारवाही गर्न बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) ले माग गरेको छ । सिबिफिनले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै कानून हातमा लिएर आफ्ना अभिष्ट पूरा गर्न खोज्नेहरुलाई तत्काल कठघरामा उभ्याइ आवश्यक कारवाही गर्न माग गरेको हो ।

'वर्तमान जटिल अवस्थामा ब्याजदरको विषयलाई अतिरञ्जित बनाउँदै केही समयदेखि बैंक तथा वित्तीय संस्थाहरुलाई मात्रै निशाना बनाएर ब्याज र साँवा समेत नतिर्ने धम्की र कर्मचारीमाथि आक्रमण तथा लुटपाट गर्ने जस्ता नियोजित घटनाले बैंकिङ क्षेत्र त्रसित र तरंगित बनेको छ,' सिबिफिनले विज्ञप्तिमा भनेको छ, 'संवेदनशील क्षेत्रमाथि भएका उछृंखल, अव्यवहारिक, अराजक गतिविधि र निमुखा कर्मचारीमाथि आक्रमण जस्ता निन्दनीय कार्यहरु सदाका लागि रोक्नुपर्ने र कानुन हातमा लिएर आफ्ना अभिष्ट पूरा गर्न खोज्नेहरुलाई तत्काल कठघरामा उभ्याइ आवश्यक कारवाही गर्न नेपाल सरकार तथा मातहतका निकायहरुको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छौं ।'

बैंकिङ क्षेत्र अत्यन्तै पारदर्शी र संवेदनशील भएकाले नियामकमार्फत जारी नीति निर्देशनको कार्यान्वयन, राष्ट्र बैंकको स्थलगत तथा गैर-स्थलगत निरीक्षणका आधारमा दिइएका सुझाव र बजारको वस्तुगत अवस्थालाई मध्यनजर गर्दै अपनाएका सजगतापूर्ण कार्यहरुको कारण आर्थिक क्षेत्र सकारात्मक दिशातर्फ उन्मूख हुँदै गरेको सिबिफिनले बताएको छ। देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको बैंकिङ क्षेत्रले आम जीवनस्तर, आर्थिक तथा सामाजिक क्षेत्रको विकास एवं विस्तार, रुपान्तरण र समग्र देशको दिगो आर्थिक विकासमा योगदान पुर्याएको सिबिफिनले जनाएको छ ।

पवित्र मनसायसहित दशकौंदेखि बैंकिङ क्षेत्रको विकासमा जीवन अर्पण गरेका र बैंकिङ क्षेत्रबाटै सुनौलो भविष्यको जीवनरेखा कोरिरहेका लाखौं संस्थापक र सर्वसाधारण लगानीकर्ता, कर्मचारीहरुको योगदानलाई नजरअन्दाज गर्न नहुने सिबिफिनको भनाइ छ ।

बैंकिङ क्षेत्रका कर्मचारी आन्दोलनकारीको निशानामा पर्ने सम्भावना देखिएपछि गृह मन्त्रालयले बैंक तथा वित्तीय संस्थाका कर्मचारीको सुरक्षामा 'अलर्ट' रहन मातहतका निकायलाई परिपत्र गरेको छ । बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीलाई लक्षित गरी अराजक गतिविधि हुन थालेपछि गृह मन्त्रालयले ७७ जिल्ला प्रशासन कार्यालयसहित सुरक्षा निकायलाई चनाखो रहन शुक्रबार परिपत्र गरेको हो । जाजरकोट घटनापछि नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएशन, नेपाल वित्तीय संस्था संघ र नेपाल लघुवित्त बैंकर्स संघले गृह सचिव विनोद सिंहलाई भेटेर सुरक्षा दिन माग गरेका थिए ।

# महिला चेम्बरले गऱ्यो उद्यमी महिलाको सम्मान



**काठमाडौं/मस –** नेपाल महिला चेम्बरले ११३ औं अन्तरराष्ट्रिय महिला दिवसको अवसरमा विभिन्न उद्यमी महिलालाई सम्मान गरेको छ । काठमाडौंको कमलपोखरीस्थित रुसी संस्कृति केन्द्रमा चेम्बरले महिला उद्यमीहरुलाई सम्मान कार्यक्रम सहित विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरेको हो ।

नेपाल महिला चेम्बरबाट सम्मानित हुनेमा उद्योगतर्फ शुभद्रा अधिकारी ढकाल, निर्याततर्फ पार्वता खरेल बिमली, आइटीतर्फ न्हशला जोशी, कृषितर्फ सरिता भट्टराई श्रेष्ठ र स्वास्थ्यतर्फ स्वरुपा श्रेष्ठ छन् । कार्यक्रममा राष्ट्रिय महिला आयोगकी सदस्य कृष्णकुमारी पौडेल खतिवडाले सामाजिक संरचना विविधतापूर्ण रहेको उल्लेख गर्दै महिला हिंसा बढ्नु दुःखद भएको बताइन् ।

आधुनिक विश्वमा महिलालाई अगाडि बढ्न सहज देखिए पनि घर परिवारकै साथ नपाउँदा हरेकजसो क्षेत्रमा अगाडि बढ्न कठिन र चुनौतीपूर्ण हुने गरेको खतिवडाले बताइन् । राजनीतिक दलका नेताहरु जिम्मेवार नहुँदा राजनीतिकर्मी महिलाहरु समेत अवसरबाट वञ्चित हुनुपरेकोमा रोष प्रकट गर्दै संविधान बनाउनेले नै कानुन उल्लंघन गरेको खतिवडाले जिकिर गरिन् ।

त्यसैगरी नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कमलेशकुमार अग्रवालले ५० प्रतिशत हिस्सा ओगटेका महिलाहरु पछाडि पारिएको जिकिर गर्दै उनीहरुलाई आर्थिक, सामाजिक, बौद्धिक, सांस्कृतिक, आर्थिक सम्पूर्ण रुपमा अगाडि ल्याउनुपर्नेमा जोड दिए । पुरुषका तुलनामा महिलाहरुलाई कम ज्याला दिने गरिएको भन्दै अग्रवालले विभेदको अन्त्य गर्नुपर्ने औँल्याए । सो अवसरमा नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठले हरेक वर्ष हुने यस्ता कार्यक्रमले महिलाहरुलाई अघि बढन हौसला मिल्ने बताइन् । अधिकांश महिलाहरु विभिन्न प्रकारका विभेद र उत्पीडनमा पिल्सिरहन बाध्य रहेको अध्यक्ष श्रेष्ठले बताइन् ।

महिलाहरुलाई अगाडि बढाउन महिला स्वयम्को भूमिका, सहभागिता एवम प्रतिनिधित्व अर्थपूर्ण हुने श्रेष्ठको भनाइ छ । महिलाहरु अझै पनि हिंसामा पर्ने गरेको घटनाको स्मरण गर्दै उनले महिला सशक्तिकरणका निम्ति आर्थिक रुपमा स्वाबलम्बी बन्नुपर्नेमा जोड समेत दिइन् । नेपाल महिला चेम्बरकी महासचिव लिमा अधिकारीले उत्पादनशील क्षेत्रमा लगानी बिस्तार गरेर महिला उद्यमशिलताको विकास गर्नुपर्ने बताइन् । कृषि वस्तुको आयातमा रोक लगाउनुपर्ने भन्दै अधिकारीले आत्मनिर्भर कृषिका लागि पहल गर्नुपर्ने बताइन् ।

महिलाहरुलाई समान अवसर दिनुपर्नेमा अधिकारीले जोड दिइन् । राष्ट्रसंघले नारी दिवसका लागि यो वर्ष 'डिजिटल इनोभेसन एण्ड टेक्नोलोजी फर जेन्डर इक्वालिटी' भन्ने नारा तय गरेको छ ।

# सानिमा नारी बचत खातामा नि:शुल्क डेबिट कार्ड र क्यासब्याक




**काठमाडौं/मस –** सानिमा बैंकले अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा 'बचत र क्यासब्याक सँगसँगै' योजना सार्वजनिक गरेको छ। योजना अवधिभर नारी बचत खाता खोल्ने ग्राहकलाई बैंकले नि:शुल्क डेबिट कार्ड र मोबाइल बैंकिङ जारी गरिनेछ बैंकले जनाएको छ। बैंकको अनुसार उक्त योजना चैत्र १ गतेसम्म लागू हुनेछ ।

यसका साथै उक्त ग्राहकहरुलाई कार्ड वा क्युआर कोडबाट गरिने पहिलो भुक्तानीमा १० प्रतिशत वा ५०० रुपेयाँसम्मको क्यासब्याक पाउने बैंकले जानकारी दिएको छ । यो क्यासब्याक योजना चैत्र १७ गतेसम्म गरिने कारोबारमा लागू हुने बैंकल जनाएको छ । सानिमा बैंकको सातै प्रदेशमा १३० कार्यालयहरु र १२३ वटा एटिएम सञ्जालहरु संचालनमा रहेका छन् ।

# रेमिटलीबाट पठाएको पैसा सिधै आईएमई पे वालेटमा




**काठमाडौं/मस –** रेमिटलीबाट पठाइएको रेमिट्यान्स अब नेपाली नागरिकले आइएमई पे वालेटमा सिधै दाबी गरी पाउन सकिने भएको छ । रेमिटली रेमिट्यान्स सेवाका लागि विश्वव्यापी रूपमा मोबाइल फोन लगायत डिजिटल च्यानलहरूमार्फत सेवा प्रदान गर्दै आइरहेको कम्पनी हो ।

यो सुविधाले ग्राहकहरुलाई सहज तरिकाले आफ्नो विदेशमा रहेका परिवार तथा मित्रहरुले पठाएको रकम बिना झन्झट प्राप्त गर्न मिल्ने उद्देश्यका साथ विस्तार गरिएको आईएमई पेले जनाएको छ । 'आइएमई पे' आइएमई ग्रुप अन्तर्गतको डिजिटल वित्तीय सेवाप्रदायक उत्पादन हो ।

# एनआईसी एशिया बैंकद्वारा दुर्घटना बीमाबापत १० लाख हस्तान्तरण




**काठमाडौं/मस –** एनआईसी एशिया बैंकले दुर्घटनामा परी ज्यान गुमाएका अर्जुन खरालको परिवारलाई दुर्घटना बीमाबापतको १० लाख रुपैयाँ उपलब्ध गराएको छ । बैंकमा सर्वश्रेष्ठ बचत खाता खोलेका रुपन्देही जिल्लास्थित शुद्धोधन गाउँपालिकामा स्थायी घर भएका मृतक खरालको खातामा उपलब्ध दुर्घटना बिमाबापतको रकम उनकी श्रीमती लक्ष्मी बस्याललाई यस बैंकका लुम्बिनी प्रदेश प्रमुख तिलक सुन्दर कार्कीले हस्तान्तरण गरेका हुन् ।

हालसम्म २०७९ जना ग्राहकहरूलाई बीमा दाबी गरे बापतको ७ करोड ८८ लाख रुपैयाँभन्दा बढी रकम प्रदान गरिसकेको बैंकले जनाएको छ । जसमध्ये घातक रोग बीमा बापत २७ जनाले २ करोड ९० लाख, दुर्घटना बीमा बापत १३ जनाले १ करोड ३० लाख र मेडिकल बीमा बापत २ हजार ३९ जनाले ३ करोड ६७ लाख बीमा रकम प्राप्त गरिसकेका छन् ।

यस बैंकले सर्वश्रेष्ठ बचत खाता खोल्ने ग्राहकहरूलाई ८४ लाख रुपैयाँ बराबरको बीमा सुविधा उपलब्ध गराएको छ । जस अन्तर्गत ४० लाखको दुर्घटना बीमा, ४० लाखको घातक रोग बीमा र ४ लाखसम्मको औषधि उपचार बीमा प्राप्त गर्छन् । औषधि उपचार बीमामध्ये अस्पताल भर्ना हुने बिरामीले ३ लाख २० हजारसम्म र ओपीडी उपचारको लागि ८० हजारसम्म प्राप्त गर्न सक्नेछन् ।

# आइएमई पे र ई.पि.एस कोरिया शाखाबीच सम्झौता



**काठमाडौं/मस –** आइएमई पे र वैदेशिक रोजगार विभाग अन्तर्गत ई.पि.एस कोरिया शाखाबीच सम्झौता भएको छ । सम्झौता अनुसार ई.पि.एस कोरिया शाखा मार्फत नेपाली श्रमिकहरुलाई कोरिया पठाउने प्रक्रियाका लागि डिजिटल भुक्तानी सम्बन्धी कार्यको प्रवर्द्धन आइएमई पेले गर्नेछ ।

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग अन्तर्गत स्थापना भएको ईपीएस कोरिया शाखाद्वारा श्रम बजारमा देखिएको समस्या समाधान गर्न नेपाली श्रमिकहरुलाई कोरिया पठाउँदै आएको छ र सोही प्रक्रिया सम्पन्न गर्नका लागि आवेदनको दस्तुर तथा अन्य दस्तुरहरु आइएमई पेबाट भुक्तानी गर्न सक्ने छ ।

'आइएमई पे' आइएमई ग्रुप अन्तर्गतको डिजिटल वित्तीय सेवाप्रदायक उत्पादन हो । नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फर्छ्यौट ऐन, २०७५ बमोजिम आई.एम.ई डिजिटल सोलुसन लिमिटेडले दूरसञ्चार सञ्जालको माध्यमबाट मोबाइल वालेट सेवा 'आइएमई पे' प्रदान गर्ने अनुमति प्राप्त गरेको हो । यस्तो अनुमति पाउने आई.एम.ई डिजिटल सोलुसन लिमिटेड देशकै पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी हो ।

# चिनियाँ एयरलाइन्स सिचुवानको हवाईसेवा पुनः शुरु




**काठमाडौं/मस –** चिनियाँ एयरलाइन्स कम्पनी सिचुवान एयरलाइन्सले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आफ्नो निर्धारित उडानहरू पुनः शुरु गर्ने भएको छ। सिचुवान एयरलाइन्सले चैत ६ देखि चेङ्दुबाट साताको ४ उडान गर्नेछ। सिचुवानको जहाजले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट सोमबार, बुधवार, शुक्रबार र आइतबार स्थानीय समय अनुसार १५:३५ बजे उडान भर्नेछ भने चेङ्दु अन्तर्राष्ट्रिय विमानस्थलमा स्थानीय समय अनुसार रात्रिको २१:०० बजे अवतरण गर्नेछ ।

नेपाली बजारमा अस्ट्रेलिया र जापान भ्रमणका लागि हालको उच्च मागलाई ध्यानमा राख्दै सिचुवान एयरलाइन्सले काठमाडौंदेखि मेलबर्नसम्म एकतर्फी भाडा ७९ हजार ९९९ रुपैयाँ र काठमाडौंदेखि नारिता सम्म एकतर्फी भाडा ६५ हजार ९९९ रुपैयाँ रहेको कम्पनीले जनाएको छ। त्यस्तै उडानमा ४६ केजी चेक-इन लगेज र ७ केजी ह्यान्ड क्यारी लान मिल्ने पनि कम्पनीले जनाएको छ। यो हवाईसेवाको शुरुवातसँगै, मेलवर्नसम्म यात्रा गर्ने यात्रुहरुले अव चेङ्दुमा ४ घण्टा ३० मिनेट मात्रको छोटो समय ट्रान्जिट रहेकोले, लामो समय ट्रान्जिटमा बस्नुनपर्ने भएको छ। नेपालमा सिचुवान एयरलाइन्सको प्रतिनिधित्व सोसाइटी इन्टरनेशनल ट्राभल सर्भिसेजले जनरल सेल्स एजेन्टको रूपमा गर्दै आएको छ ।

# इक्रा नेपालद्वारा स्ट्यान्डर्ड चार्टर्ड बैंकलाई 'ट्रिपल ए' रेटिङ




**काठमाडौं/मस –** इक्रा नेपाल लिमिटेडले स्ट्यान्डर्ड चार्टर्ड बैंकलाई विगतमा प्रदान गरेको रेटिङलाई पुनः पुष्टि गरेको छ। इक्राले स्ट्यान्डर्ड चार्टर्ड बैंकलाई विगतमा प्रदान गरेको '(इक्रा-आईआर) एएए' रेटिङ पुनःपुष्टि गरेको हो ।

लगातार ४ वर्षदेखि बैंकले यो रेटिङ प्राप्त गर्न सफल भएको हो । यो रेटिङ प्राप्त गर्ने निकाय समयमै वित्तीय दायित्व पूरा गर्नेमा उच्च मात्रामा सुरक्षित मानिन्छ । यस निकायको न्यून मात्र क्रेडिट जोखिम रहेको हुन्छ ।






प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**